# बसवरीया गाउँपालिकाको दोश्रो गाउँसभाको पाचौं अधिवेसनको बैठकमा मिति २०८३ साल असार १० गते बुधवार गाउँपालिका अध्यक्ष श्री राम सिंहासन रायज्यूले प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

बसवरीया गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

भवानीपुर, सर्लाही

मधेश प्रदेश नेपाल

स्था.२०७४

# आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

**आदरणीय गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

**राष्ट्रसेवक कर्मचारी मित्रहरू,**

**सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरू,**

१. बसबरिया गाउँपालिकाको यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित महसुस गरेको छु।

२. सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सर्वोपरी राख्दै मानव अधिकार तथा मौलिक हकको कार्यान्वयन, समानता र समतामूलक समाज निर्माणमार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, संरक्षण र सुदृढीकरणका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, मधेश आन्दोलन, जेन-जी आन्दोलन तथा अन्य परिवर्तनकारी संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात अमर सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, ती आन्दोलनहरूमा घाइते, अपाङ्गता भएका तथा बेपत्ता पारिनुभएका नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरूको उच्च योगदानको कदर गर्दछु। लोकतान्त्रिक परिवर्तन, सामाजिक न्याय र जनअधिकारको स्थापनाका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरूप्रति हार्दिक सम्मान तथा कृतज्ञता प्रकट गर्दछु।

३. **प्रस्तावनाः** नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख, समावेशी, न्यायपूर्ण र समृद्ध समाज निर्माणको राष्ट्रिय आकाङ्क्षा, दिगो विकास लक्ष्य, आवधिक योजना, सङ्घीय सरकार तथा मधेश प्रदेश सरकारका नीति तथा प्राथमिकताका साथै गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालबाट प्राप्त सुझावहरूलाई आधार मानी यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

४. बसबरिया गाउँपालिकाका सम्पूर्ण नागरिकहरूको आवश्यकता, आकाङ्क्षा र अपेक्षालाई केन्द्रमा राखी स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग र परिचालनमार्फत समुन्नत, आत्मनिर्भर तथा प्रविधिमैत्री गाउँपालिकाको निर्माण गर्ने उद्देश्य यस नीति तथा कार्यक्रमले लिएको छ।

५. **"सुशासन, सामाजिक न्याय सहितको समृद्ध बसबरिया गाउँपालिका"** निर्माणको दीर्घकालीन सोचलाई आत्मसात् गर्दै कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, सुशासन, डिजिटल प्रविधि, वातावरण संरक्षण, सामाजिक न्याय, उद्यमशीलता तथा आर्थिक समृद्धिका क्षेत्रलाई आगामी आर्थिक वर्षका प्रमुख प्राथमिकताका क्षेत्रका रूपमा निर्धारण गरिएको छ।

६. **गत आर्थिक वर्ष २०८२/८३ को प्रगति समीक्षा :** आर्थिक तथा वित्तीय प्रगति आ.व. २०८२/८३ का लागि गाउँसभाबाट कुल **रु. ४५ करोड ३२ लाख ८० हजार** बजेट विनियोजन गरिएको थियो। यसमध्ये चालुतर्फ **रु. २६ करोड २३ लाख ७२ हजार** (सशर्त अनुदान समेत) र पूँजीगततर्फ **रु. १९ करोड ९ लाख** विनियोजन गरिएको थियो।

७. **न्यायिक समितिमा हालसम्म २४ वटा निवेदन दर्ता भएकोमा २ वटा निवेदनमा मेलमिलाप भएको छ ।**

८. जसमध्ये सङ्घीय सरकार, मधेस प्रदेश सरकारबाट प्राप्त अनुदान तथा आन्तरिक स्रोतको प्रभावकारी परिचालन गरी वित्तीय अनुशासन, पारदर्शिता र सुशासन कायम गर्न उल्लेखनीय उपलब्धि हासिल गरी चालु तथा पूँजीगत खर्चतर्फ विनियोजित कुल बजेटमध्ये करिब ८० प्रतिशत वित्तीय प्रगति हुने अनुमान गरिएको छ।

९. आर्थिक पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिँदै अघिल्ला वर्षका बेरुजु फछ्यौंट तथा सम्परीक्षण गर्न आवश्यक प्रकृया बढाइएको छ।

**१०. शाखागत भौतिक तथा प्राविधिक प्रगति**

११. **शिक्षा शाखाः** गाउँपालिकाभित्रका २ वटा सामुदायिक विद्यालयमा अभावग्रस्त रहेको भौतिक संरचना निर्माण गर्ने उद्देश्य अनुरुप विद्यालयको भवन निर्माणाधीन छ। विद्यार्थीको बसाई व्यवस्थापनको लागि डेस्क-बेन्चको व्यवस्था र बालकक्षा व्यवस्थापनको कार्य सम्पन्न हुने क्रममा रहेको छ भने एउटा विद्यालयमा विज्ञान प्रयोगशालाको स्थापना कार्य अन्तिम चरणमा रहेको छ।

१२. बाल शिक्षकको लागि १० दिने मन्टेश्वरी तालिम संचालन हुँदैछ भने अन्य शिक्षकको हकमा ICT EMIS, एकिकृत पाठ्यक्रम सम्बन्धी तालिमका साथै विभिन्न संघ संस्थाहरुसँगको समन्वयमा क्षमता विकासका तालिमहरु संचालन भएका छन्। विज्ञान गणित प्रदर्शनी, नमूना परीक्षा, सिकाई क्षति परिपुरण कार्यक्रम, किशोर किशोरी सूचना केन्द्र, सेफ स्पेश, रेष्ट रुम, खेलाडिलाई प्रतिस्पर्धामा सहभागी हुने वातारणको सृजना, अभिभावक शिक्षा, विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना हुने वातावरण सृजना जस्ता विद्यार्थीको विद्यालयमा पहुँच, सहभागिता,सुरक्षा र प्रतिभा पहिचानको कार्य सम्पन्न भएको छ।

१३. शैक्षिक क्यालेन्डर निर्माण, गाउँ शिक्षा योजनाको अद्यावधिक, स्थानीय पाठ्यक्रमको निर्माण प्रारम्भ, समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको पहुँचको लागि भर्ना अभियान, किशोरकिशोरीको जीवनपर्यन्त सिकाइको लागि सीपमूलक तालिमको व्यवस्था गरिएको छ।

१४. **स्वास्थ्य शाखाः** सहोड्वा, मानपुर र धनगढा बर्थिङ सेन्टरको सुदृढीकरण गरी गत वर्ष ९०% भन्दा बढी संस्थागत प्रसूति गराउन सफल भएसँगै मातृ तथा शिशु मृत्युदर उल्लेख्य रूपमा घटेको छ ।

-सबै स्वास्थ्य चौकीहरूबाट सरकारले तोकेका आधारभूत औषधिहरू निःशुल्क र निरन्तर उपलब्ध गराइएको छ । ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकका लागि प्रत्येक वडामा घरदैलो स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिएको छ ।

-प्रजनन रुग्णता स्वास्थ्य शिविर सञ्चालन गरी VIA पोजेटिभ भएका बिरामीहरू समयमै पत्ता लगाई उपचार गरिएको तथा HPV DNA को स्वाब संकलन गरी आवश्यक उपचारको व्यवस्था मिलाइएको छ।

-१२६ जना मिनिल्याप र १०० जना भन्दा बढी मोतियाबिन्दुका बिरामीको शल्यक्रिया गरी स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

-X-ray सहितको भ्यान तथा प्राविधिक टोली परिचालन गरी क्षयरोग बिरामी पत्ता लगाइएको छ ।

-नसर्ने रोगको स्क्रीनिङ गरी बिरामी पत्ता लगाई उपचार गरिएको छ ।

-५ बर्षमुनिका बालबालिका तथा गर्भवति महिलाहरुमा SAM र MAM का बिरामीहरु पत्ता लगाई उपचार गरिएको छ ।

-गाउँघर क्लिनिक ,आमा समूह नियमित रुपले संचालन गरी सेवा प्रदान गरिएको छ ।

-सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा Online Pams V2 को तालिम दिई सो कार्यक्रम कार्यन्वयन गरिएको छ।

-DHIS 2 System नियमित रुपले संचालन गरिएको छ ।

१५. **कृषि तथा पशु सेवा शाखाः** वडा नं. १ देखि ६ सम्मका कृषियोग्य क्षेत्रमा कृषि विद्युतिकरण कार्य सम्पन्न भई सिँचाई सुविधा विस्तार भएको छ।

१६. पशुहरूमा लाग्ने महामारी रोग (खोरेत र पिपिआर) विरुद्ध १०,००० भन्दा बढी पशुहरूलाई निःशुल्क खोप सेवा तथा पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।

**१७. पूर्वाधार विकास शाखाः**

१८. गाउँपालिकाको मुख्य प्रशासनिक भवन जोड्ने तथा वडाका भित्री सडकहरू गरी कुल ३ किलोमिटर सडक कालोपत्रे तथा ४ किलोमिटर सडक ढलान तथा ३ किलोमिटर सडक ग्राभेल कार्य सम्पन्न भएको छ।

१९. विभिन्न वडाहरुमा गरी ४ वटा प्रतिक्षालय निर्माण, १० वटा मन्दिर निर्माण, ३ वटा विद्यालय भवन निर्माण, स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्र तर्फ २ वटा भवन निर्माण कार्य सम्पन्न भएको छ ।

२०. **सुशासन, प्रविधि तथा न्यायिक शाखा** :विद्युतीय हाजिरी तथा एस.एम.एस गेटवेको व्यवस्था गरी कर्मचारी प्रशासनलाई नियमित र अनुशासित बनाई सुशासनमैत्री व्यवस्थापनलाई स्थानीय सरकारले आत्मसात गरिएको छ ।

२१. तालुक निकाय, मन्त्रालय तथा सरकारको निर्देशन, नियम र कानूनको परिपालनालाई उच्च महत्व दिई पालना एवं कार्यान्वयन गरिएको छ ।

२२. म.ले.पको कार्यालय र नियामक निकायबाट प्राप्त प्रतिवेदन तथा पत्रको शीघ्र कार्यान्वयन गरी सुशासनलाई मूर्तता दिने कार्यलाई जिम्मेवारीको रुपमा लिई सम्पन्न गर्ने गरिएको छ ।

२३. सार्वजनिक वित्तको महत्तम परिचालन गरी आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गरिएको छ ।

२४. **समग्र नीति तथा कार्यक्रमका आधारहरू**: वित्तीय स्रोतको अनुमान उल्लेखित नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि विभिन्न स्रोतबाट प्राप्त हुने आय तथा अनुदानलाई आधार बनाइएको छ।

**सङ्घीय सरकारतर्फबाट**

- वित्तीय समानीकरण अनुदान : रु. ८ करोड ७९ लाख
- सशर्त अनुदान : रु. ११ करोड ८५ लाख
- राजस्व बाँडफाँड : रु. ८ करोड ३२ लाख ३७ हजार

**मधेस प्रदेश सरकारतर्फबाट**

वित्तीय समानीकरण अनुदान : रु. ५९ लाख ४१ हजार
सशर्त अनुदान : रु. ४० लाख
- विशेष अनुदान : रु. २० लाख
राजस्व बाँडफाँड : रु. ३५ लाख १७ हजार

**आन्तरिक स्रोततर्फबाट**

- आन्तरिक राजस्व : रु. २० लाख
- गत वर्षको नगद मौज्दात : अनुमानित रु. १ करोड ५० लाख
-राजस्व बाँडफाँड(स्थानीय सरकार) : रु. २० लाख

**जम्मा अनुमानित आय : रु. ३२ करोड ४० लाख ९५ हजार**

**आदरणीय गाउँसभाका सदस्य महोदय,**
**आगामी आ.व.का नीति तथा कार्यक्रमको रणनीतिक आधारहरू**

- सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको प्रभावकारी परिचालन र उपयोग मार्फत विकास निर्माणलाई तीव्रता दिइनेछ।
- दिगो विकास लक्ष्य तथा राष्ट्रिय विकासका प्राथमिकताहरुलाई स्थानीय आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ।
- नेपाल राष्ट्रिय भवन संहिता, भू–उपयोग नीति तथा अन्य प्रचलित कानूनी मापदण्डको पालना गरिनेछ।
- जनप्रतिनिधिको दोस्रो कार्यकालको अन्तिम वर्षलाई परिणामुखी एवम् नतिजामुखी बनाउँदै अधुरा योजनाहरू सम्पन्न गर्न आर्थिक वर्षको शुरुसंगै योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- गाउँपालिकालाई पूर्ण साक्षर, सरसफाइयुक्त, बालमैत्री तथा छुवाछुतमुक्त घोषणा गर्ने अभियानलाई तीव्रताका साथ आगामी वर्षभित्र निर्धारित नतिजा हासिल गरिनेछ।

- विगत ५ वर्ष तथा १० वर्षको विकास उपलब्धिलाई समेटेर आधार रेखा सहितको प्रगति प्रतिवेदन प्रकाशन गरिनेछ।
- सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई थप सुदृढ गर्दै राष्ट्रिय सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति कार्यान्वयन गरिनेछ।
- आगामी आ.व. लाई **"असल अभ्यास, सिकाइ आदान–प्रदान तथा उपलब्धी प्रचारप्रसार वर्ष"** का रूपमा मनाइनेछ।
- O&M Survey सम्पन्न गरी आवश्यक जनशक्ति व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

## २५. विषयगत नीति तथा कार्यक्रमहरू

### क) शिक्षा

- स्थानीय पाठ्यक्रम (कक्षा १–८) निर्माण सम्पन्न गरी कार्यान्वयन गरिनेछ।
- विज्ञान प्रयोगशाला, ICT ल्याब, ई–पुस्तकालय (E-Library) र आधुनिक कक्षाकोठा व्यवस्थापन गरिनेछ।
- **"पूर्ण साक्षर गाउँपालिका"** घोषणा गर्न विशेष अभियान सञ्चालन गरिनेछ।
- प्रधानाध्यापक र शिक्षकहरूसँग कार्यसम्पादन सम्झौता गरी विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गरिनेछ।
- बालमैत्री, अपाङ्गता अनुकूल तथा सुरक्षित विद्यालय वातावरण निर्माणसँगै बालमैत्री विद्यालय प्रारुप कार्यान्वयनको वातावरण निर्माण गरिनेछ।
- दरबन्दी मिलान मापदण्ड निर्माण गरी शिक्षक व्यवस्थापन गरिनेछ।
- ECD केन्द्रहरूको भौतिक पूर्वाधार, जनशक्ति क्षमता विकास र सिकाइमैत्री वातावरण निर्माण गरिनेछ।
- प्रतिभा पहिचान गरी उत्कृष्ट विद्यार्थी, शिक्षक, विद्यालयर खेलाडीलाई पुरस्कृत गरिनेछ।
- सिकाइ परिपूरण कार्यक्रम, नमूना परीक्षा, शैक्षिक प्रदर्शनी र वृहत यौनिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- गैर सरकारी संस्थाको सहयोगमा RRPK, RDC, PPC लगायत स्थानीय संस्थाले कार्यान्वयन गरेका कार्यक्रमलाई निरन्तरता दिँदै थप संस्थाहरुसँग समन्वय,सहकार्य गरिनेछ।
- पालिका स्तरीय , जिल्ला स्तरीय र प्रदेश स्तरीय कार्यक्रममा खेलाडीहरुलाई सहभागी भई प्रतिस्पर्धा गर्ने वातावरण सृजना गरिनेछ ।
- किशोर किशोरी तथा युवाहरुका लागि क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभूत तह विद्यालय उमेर समूहका सबै बालबालिकालाई आधारभूत शिक्षा सुनिश्चत गरिनेछ ।

### ख) स्वास्थ्य

- सहोड्वा, मानपुर र धनगढा बर्थिङ सेन्टरमा २४ घण्टा सुरक्षित प्रसूति र ल्याब सेवा सुनिश्चित गरिनेछ।
- नसर्ने रोग NCDs को व्यापक स्क्रीनिङ र रोकथाम कार्यक्रम सबै वडामा सञ्चालन गरिनेछ।

- प्रजनन स्वास्थ्य, परिवार नियोजन, आँखा, TB तथा नसर्ने रोग शिविरहरू सञ्चालन गरिनेछ।
- सम्पूर्ण वडाहरुमा पोषणको लेखाजोखा गरी सोको व्यवस्थापन गरिनेछ ।
- सम्पूर्ण वडाहरुमा संचालन हुदैं आएको आमा समूह , गाउँघर क्लिनिक कार्यक्रमलाई सशक्तिकरण गरिनेछ ।
- अगामी आ.व. मा सम्पूर्ण स्वास्थ्य संस्ताहरुमा फोहरमैला व्यवस्थापनको लागि साझेदारीमा Pit को निर्माण गरिनेछ ।

**ग) आयुर्वेद**

- सबै माध्यमिक विद्यालयहरूमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- आयुर्वेद सेवा पहुँच नपुगेका वडामा गाउँघर क्लिनिक सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य प्रवर्द्धन तथा स्तनपायी आमालाई दुग्धवर्द्धक औषधि निःशुल्क वितरण गरिनेछ।
- आयुर्वेद सेवालाई प्रभावकारी, पहुँचयोग्य तथा जनमुखी बनाउँदै पूर्वकर्म तथा पञ्चकर्म सेवाको विस्तार गरिनेछ।
- नागरिक आरोग्य अभियान अन्तर्गत सबै वडामा स्वास्थ्य प्रवर्द्धन, योग अभ्यास, भान्सा सुधार तथा नसर्ने रोग सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- आयुर्वेद सेवाको पहुँच नपुगेका क्षेत्रमा गाउँघर क्लिनिकमार्फत सेवा प्रवाह सुनिश्चित गरिनेछ।
- विद्यालय आयुर्वेद शिक्षा तथा योग कार्यक्रम सञ्चालन गरी स्वस्थ जीवनशैली प्रवर्द्धन गरिनेछ।
- ज्येष्ठ नागरिक, स्तनपान गराउने आमा तथा योग प्रशिक्षक उत्पादन, नागरिक आरोग्य सेवाको विस्तार तथा निःशुल्क आयुर्वेद विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

**घ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिकः**

-आगामी आ.व. भित्र बसबरिया गाउँपालिकालाई पूर्ण बाल विवाह मुक्त पालिका घोषणा गरिनेछ।
-बाल अधिकार समितिको गठन तथा सञ्चालन मार्फत बाल अधिकार संरक्षण गरिनेछ।
-दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक समुदायको सामाजिक सुरक्षा तथा समावेशीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
-लैगिक हिंसा निवारण कोष तथा बाल कल्याण कोष संचालन गारिनेछ।

**ङ) युवा तथा खेलकुदः**

- पालिकास्तरीय, जिल्लास्तरीय तथा प्रदेशस्तरीय खेल प्रतियोगिताहरूमा सहभागी गराउने व्यवस्था गरिनेछ।
- युवाहरूको क्षमता विकास तथा सीपमूलक तालिम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको पुनःएकीकरणका लागि "बसबरिया गाउँपालिकाको श्रम तथा रोजगार नीति, २०८३" तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**च) कृषि तथा पशुपक्षी**

- प्रदेश सरकारको **"किसानको बारी, स्वयंसेविकाको छहारी"** कार्यक्रम अन्तर्गत महिला कृषि स्वयंसेविका परिचालन गरिनेछ।
- माटो परीक्षण, जैविक मल प्रयोग, र विद्युतीय सिँचाईलाई थप विस्तार गरिनेछ।
- पशु सेवा शाखामा अत्याधुनिक प्रयोगशाला स्थापना गरी प्रत्येक वडामा निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- बसबरिया गाउँपालिका अन्तर्गत स्थानीय किसानहरुको अन्न बालिका लागि कृषि बीमा तथा पशुपन्छीका पशु बीमा गर्न कम्पनीसँग समन्वय गरी आवश्यक कार्य गर्ने व्यवस्था मिलाइने छ ।
- बसबरिया गाउँपालिका अन्तर्गत पशु व्यवसायमा तथा पशुपालन गरिरहेका किसानहरुको पशुहरुलाई आकस्मिक महामारी रोग नियन्त्रण ,आधारभूत प्रयोगशाला र कृत्रिम गार्भाधान मिसनको आवश्यक कार्यक्रम गराइनेछ|
- खोरेत तथा पी.पी.आर पशु पन्छीमा लाग्ने अन्य रोगको नियन्त्रणका लागि खोप कार्यक्रम संचालन गरिनेछ |

**छ) उद्यमशीलता र सहकारी**

-महिला, युवा तथा दलित वर्गका लागि सीपमूलक तालिमको व्यवस्था गरिनेछ।

**ज) पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन**

-विगतदेखि निर्माणाधीन योजनाहरूलाई प्राथमिकताका साथ बजेट विनियोजन गरी सम्पन्न गरिनेछ।
-सडक गुरुयोजना निर्माण गरी पालिकाका सडकहरूलाई सङ्घीय तथा प्रादेशिक सडक सञ्जालसँग जोडिनेछ।
-प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थको अवैध दोहनलाई पूर्ण रूपमा नियन्त्रण गरिनेछ।
-विपद् पूर्वतयारी, उद्धार, राहत तथा पुनःस्थापनाका कार्यक्रमहरू प्रभावकारी बनाइनेछ।

२६. **सुशासन, डिजिटल प्रविधि र न्यायिक समिति**

-कर्मचारी, जनप्रतिनिधि तथा नागरिकका लागि डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
-पालिकाको वेबसाइट तथा मोबाइल एपमा AI आधारित च्याटबोट सेवा विकास गरी जग्गा, भवन, र सार्वजनिक संरचनाको अभिलेख डिजिटल बनाइनेछ।
-सार्वजनिक सुनुवाइ, बजेट सुनुवाइ, र सामाजिक परीक्षण कार्यक्रमहरू डिजिटल माध्यमबाट प्रत्यक्ष प्रसारण गरिनेछ।
-करार, ज्यालादारी तथा निजी क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोष (SSF) मा आबद्ध गराइनेछ।
-न्यायिक समितिबाट न्याय सम्पादनलाई निष्पक्ष र पारदर्शी बनाउँदै हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गरी स्थानीय विवादहरू छिटो निरूपण गरिनेछ।

२७. **विशेष कार्यक्रमहरूः**

**बेरुजु फस्यौंट तथा वित्तीय सुशासन सुदृढीकरण वर्षः**

- आगामी आ.व. लाई "बेरुजु फस्यौंट तथा वित्तीय सुशासन सुदृढीकरण वर्ष" का रूपमा सञ्चालन गरी निम्न कार्य गरिनेछः
    - महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदन गाउँसभामा पेस गरी दफावार छलफलका लागि लेखा समितिमा पठाइनेछ।
    - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, लेखा समिति कार्यविधि, र बेरुजु फस्यौंट कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

- लेखा समिति, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासका लागि तालिम सञ्चालन गरिनेछ।
- अद्यावधिक बेरुजुको उल्लेखनीय हिस्सा फस्यौंट गरी वित्तीय अनुशासन कायम गरिनेछ।
- आन्तरिक नियन्त्रण, सार्वजनिक खरिद, र वित्तीय उत्तरदायित्व प्रणालीलाई प्रभावकारी बनाइनेछ।

## २८. संस्थागत सुदृढीकरणः

- गाउँसभा स्थापना तथा सञ्चालन कार्यविधि स्वीकृत गरी छुट्टै सचिवालय सञ्चालन गरिनेछ।
- गाउँसभा, गाउँ कार्यपालिका तथा विषयगत समितिहरूको कार्यविधि निर्माण तथा कार्यान्वयन गरिनेछ।
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी आवश्यक संरचना तथा दरबन्दी व्यवस्थापन गरिनेछ।
- गाउँपालिकाका सम्पूर्ण कानुनी दस्तावेजहरू डिजिटल अभिलेखीकरण गरी प्रदेशस्तरीय कानुन अभिलेख प्रणालीमा प्रविष्ट गरिनेछ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, तथा नागरिक सहभागितामूलक सुशासन कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

## २९. निष्कर्ष र प्रतिबद्धताः

- आर्थिक वर्ष २०८३/८४ को प्रस्तुत नीति तथा कार्यक्रम बसबरिया गाउँपालिकाको समृद्धि, सुशासन, सामाजिक न्याय तथा दिगो विकासको आधार निर्माण गर्ने महत्त्वपूर्ण दस्तावेज हो।
- यस नीति तथा कार्यक्रममार्फत अधुरा कार्यहरूको सम्पन्न हुने, वित्तीय सुशासन कायम हुने, गुणस्तरीय सेवा प्रवाह गर्ने र आम नागरिकको जीवनस्तर आमुल सुधारमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा एवम् विश्वास लिएको छु। यसको सफल कार्यान्वयनका लागि गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलहरू, नागरिक समाज, सञ्चारकर्मी, विकास साझेदार संस्थाहरू तथा प्रदेश र संघ सरकारको समेत सक्रिय सहकार्य, समन्वय प्राप्त हुने विश्वास राख्दछु। सम्पूर्ण गाउँपालिकावासीहरूको सार्थक सहभागिताको अपेक्षा समेत गर्दछु ।
- अन्त्यमा, बसबरिया गाउँपालिकाको समग्र विकास र समृद्धिको यात्रामा निरन्तर सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम यस आदरणीय गाउँसभाबाट सर्वसम्मत रूपमा पारित हुने विश्वास व्यक्त गर्दछु।

प्रस्तुतकर्ताः

नामः राम सिंहासन राय

पदः गाउँपालिका अध्यक्ष

मितिः २०८३/०३/१० गते

धन्यवाद।